# सेक्स्ड सिमेन (Sexed Semen) खरिद तथा वितरण कार्यक्रम सन्चालन कार्यविधि,२०७५

(प्रदेश सरकार, (माननिय मुख्य मन्त्री तथा भूमि व्यवस्था तथा कृषि सहकारी मन्त्री स्तर)
मिति २०७५/८/१७ को निर्णयबाट स्वीकृत

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं. १, बिराटनगर

सचिव

# सेक्स्ड सिमेन (Sexed Semen) खरिद तथा वितरण कार्यक्रम सन्चालन कार्यविधि, २०७५

(प्रदेश सरकार, (माननिय मुख्य मन्त्री तथा भूमि व्यवस्था तथा कृषि सहकारी मन्त्री स्तर) मिति २०७५/८/१७ को निर्णयबाट स्वीकृत

**प्रस्तावना**

पशु नश्ल सुधारका लागि सजिलो, सस्तो र भरपर्दो माध्यमको रुपमा कृत्रिम गर्भाधान प्रबिधिको प्रयोग संगै दुधालु पशुपालनले व्यापकता पाएको छ । खासगरी दूध उत्पादनका लागि व्यवसायिक रुपमा गाईभैंसी पालन गर्ने कृषकहरुको संख्या पछिल्ला दिनमा देशव्यापी रुपले बढि रहेको छ । दूध उत्पादनका लागि व्यवसायिक भैंसीपालन गर्ने कृषकहरुले पाडापाडी उत्पादनलाई खासै समस्याको रुपमा नलिए पनि व्यवसायिक गाईपालक कृषकहरुका लागि भने उत्पादन भएका बाच्छाहरु टाउको दुखाईको बिषय हुने गरेको छ । मूलतः पाडाहरु मासु उत्पादनका लागि प्रयोग हुने भए पनि कृत्रिम गर्भाधानबाट जन्मिएका बाच्छाहरुको खासै उपयोगिता नहुने भएकाले सानै उमेरमा गोठबाट हटाउने प्रयास खान नदिइ भोकभोकै मार्ने, वा बेवारिसे सरह छाडिदिने प्रचलनले व्यापकता पाएको देखिन्छ । पशु कल्याणका दृष्टिकोणले समेत अनुपयुक्त रहेकाले दिर्घकालिन समाधानका उपायहरुको खोजी हुनु आवस्यक भएको छ । सामन्यतयाः गाईहरुमा कृत्रिम गर्भाधान गर्दा बाच्छा जन्मिने सम्भावना ५० प्रतिशत रहन्छ तर आजकल बिदेशमा उच्च प्रबिधिको प्रयोग गरि केवल बाच्छी मात्र जन्मिने बिर्यको उत्पादन हुने गरेको छ । यही परिप्रेक्षमा विदेशबाट उन्नत नश्ल साँढेको सेक्स्ड सिमेन (Sexed Semen) खरिद र आयात गरी व्यवसायिक गाईपालक कृषकहरु माझ वितरण गर्ने ध्येयले प्रदेश सरकारले सेक्स्ड सिमेन (Sexed Semen) खरिद तथा वितरण कार्यक्रम प्रदेश सरकारले अघि सारेको छ । सो कार्यक्रम व्यवस्थित पारदर्शी, सहज, मितव्यी र प्रभावकारी ढंगले संचालन गर्ने अभिप्रायले "प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५" को दफा ३(१) को अधिकार प्रयोग गरि भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट "सेक्स्ड सिमेन (Sexed Semen) खरिद तथा वितरण कार्यक्रम सन्चालन कार्यविधि, २०७५ तर्जुमा गरी लागू गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ**

(क) यो कार्यविधिकाको नाम "सेक्स्ड सिमेन (Sexed Semen) खरिद तथा वितरण कार्यक्रम सन्चालन कार्यविधि, २०७५" हुनेछ।

ख) यो कार्यविधि प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

सचिव

## २. परिभाषा

प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं.-१ बिराटनगर, नेपाल

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा:

(क) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनु पर्दछ ।

(ख) "निर्देशनालय" भन्नाले पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्दछ ।

(ग) "कार्यालय" भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रलाई सम्झनु पर्दछ ।

(घ) "सम्बन्धीत कार्यालय" भन्नाले कार्यक्रम संचालनको अखितयारी प्राप्त भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय; पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय एवं भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरुलाई समेतलाई जनाउँछ ।

(ङ) "कार्यक्रम" भन्नाले सेक्स्ड सिमेन (Sexed Semen)खरिद तथा वितरण कार्यक्रमलाई जनाउँदछ ।

(च) "कार्यविधि" भन्नाले "सेक्स्ड सिमेन (Sexed Semen)खरिद तथा वितरण कार्यक्रम सन्चालन कार्यविधि, २०७५" भन्ने सम्झनु पर्दछ ।

(छ) "दुग्ध उत्पादक" भन्नाले गाईभैंसी पालन गरि नियमित रुपमा दूध उत्पादन र बेच बिखन गर्ने कृषक, समूह, समिति, सहकारी, संघ संस्था, फार्म, कम्पनी, उद्यमी र व्यवसायी समेतलाई जनाउँदछ ।

(ज) "व्यवसायिक पशुपालन फार्म" भन्नाले सम्बन्धित सरकारी निकायमा विधिवत रुपले दर्ता भै कम्तिमा १० वटा दुहुना गाई वा ५ वटा दुहुना भैंसी एकै स्थलमा पालन गरिरहेको पशुपालन फार्म सम्झनु पर्दछ।

(झ) "उन्नत नश्ल" भन्नाले पशुपालन क्षेत्रको उत्पादकत्व बृद्धिका लागि नेपालका रैथाने जातहरु भन्दा धेरै उत्पादनशिल बिदेशी जातका आयातित पशुपन्छि भन्ने बुझ्नु पर्दछ ।

(ञ) "जर्सी र होलिस्टिन" भन्नाले धेरै दूध दिने गाईको रुपमा नेपालका दुग्ध उत्पादकहरु माझ लोकप्रिय एवं विश्वमै परिचित उन्नत नश्लका गाईका जातलाई जनाउदछ ।

(ट) "सेक्स्ड सिमेन (Sexed Semen)" भन्नाले साँढेबाट संकलन गरिएको बिर्यलाई उच्च प्रविधिको प्रयोग मार्फत मुलतः X- Chromosom मात्र रहने गरि छुट्याएर तयार गरिएको र त्यस्को प्रयोग गर्दा कम्तिमा ९० प्रतिशत बाच्छि मात्र जन्मने सम्भावना रहेको बिर्य भन्ने बुझ्नु पर्दछ ।

(ठ) "कृत्रिम गर्भाधान" भन्नाले भाले पशुबाट संकलित एवं प्रयोगशाला प्रशोधित बिर्यलाई पोथि पशुको ऋतुचक्रको उपयुक्त समय पारेर कृत्रिम तरिकाले जनेन्द्रियमा प्रवेश गराई गर्भाधान गराउने विधिलाई जनाउँदछ।

सचिव

(ङ) "सहमती पत्र (MOU)"भन्नाले कार्यक्रम सन्चालनका लगि आवस्यक ठानिएका सम्बन्धित सम्बन्धित सरोकारवालाहरुको जिम्मेवारी र दायित्व प्रष्टिने गरि तयार र स्वीकार गरिएको लिखत भन्ने बुझ्नु पर्दछ ।

३. उद्देश्य

सेक्स्ड सिमेन खरिद तथा वितरण कार्यक्रम सन्चालनको उद्देश्य देहाय बमोजिम रहेको छः

(क) व्यवसायिक गाईपालकहरु माझ कृत्रिम गर्भाधानका लागि सेक्स्ड सिमेन (Sexed Semen) को उपलब्धता सुनिश्चत गर्ने ।

(ख) दुग्ध उत्पादन र उत्पादकत्व अभिबृद्धि गर्दै दूध तथा दुग्धजन्य पदार्थमा प्रादेशिक आत्मनिर्भरता हासिल गर्नका लागि व्यवसायिक गाईपालन प्रवर्द्धन गर्ने ।

(ग) अनुत्पादक बाच्छा उत्पादनमा कमि ल्याउँदै गाईपालन व्यवसायको दिगोपन हासिल गर्नमा सहयोग पुर्याउने ।

४. कार्यक्रम संचालन हुने क्षेत्र

प्रदेश नं. १ अन्तरगत कृत्रिम गर्भाधान सेवाको पहुँच विस्तार भएका जिल्लाहरु । तर व्यवसायिक गाईपालन फार्मको बाहुल्यता भएका जिल्ला र गाईको श्रोत केन्द्रहरुलाई प्राथमिकता दिई कार्यक्रम सन्चालन गर्न सकिनेछ ।

५. बिनियोजित बजेट खर्च गर्न सकिने कार्यहरु

(क) बाच्छी मात्र उत्पादन हुनेवीर्य (Sexed Semen) खरिद

(ख) कृ.ग. कर्ताहरुलाई कृ.ग.सम्बन्धी रिफ्रेसर तालिम सन्चालन

(ग) कृ.ग.उपकरणहरु खरिद तथा वितरण

(घ) व्यवसायीहरु संग अन्तरक्रिया गोष्ठी

(ङ) लिक्वीड नाईट्रोजन खरिद र ढुवानी

(च) बैठक/अनुगमन/मूल्याङ्कन/संचालन

(छ) अभिलेख व्यवस्थापन

६. सेक्स्ड सिमेन (**Sexed Semen**) खरिद

यस कार्यक्रम अन्तर्गतसेक्स्ड सिमेन (Sexed Semen) को खरिद र भण्डारण निम्न बमोजिम हुनेछ

(क) भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले सेक्स्ड सिमेन(Sexed Semen)खरिद र वितरण कार्यक्रम सन्चालनका लागि देहाय बमोजिमको एक प्राबिधिक समिति गठन गर्नेछ ।

(१) पशुपन्छी विकास महाशाखा प्रमुख — संयोजक
(२) पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयका प्रमुख/अधिकृत — सदस्य
(३) पशु रोग अन्वेषण प्रयोगशाला प्रमुख/अतिकृत — सदस्य
(४) पशु सेवा तालिम केन्द्रको प्रमुख/अधिकृत — सदस्य
(५) पशुपन्छी विकास महाशाखा प्रमुखले तोकेको अधिकृत — सदस्य-सचिव

*नोटः प्राबिधिक समितिको बैठक आवस्यक्ता अनुसार बस्नेछ र त्यस्तो बैठकमा २ जना सम्म सम्बन्धित विषय विज्ञलाई आमन्त्रण गर्न सकिनेछ।*

(ख) प्राबिधिक समितिले सेक्स्ड सिमेन (Sexed Semen)खरिद, भण्डारण र वितरण कार्य सुचारु रुपले सन्चालन गर्ने शिलसिलामा Technical Specification तयारी, परिमार्जन र सिफारिस गर्नेछ । त्यसै गरि खरिद भएको सिमेनको गुणस्तर परिक्षण, सिमेन प्रयोगको मापदण्डनिर्धारण, कार्यविधि तर्जुमा र त्यस्तो सिमेन प्रयोग गरिएका फार्महरुको अनुगमन र निरिक्षण समेत गर्नेछ।

(ग) बार्षिक स्वीकृत कार्यक्रममा सेक्स्ड सिमेन (Sexed Semen)खरिद र वितरणका लागि विनियोजित बजेटको आधारमा सार्वजनिक खरिद ऐन२०६३ तथा नियमावलि२०६४ ले निर्दिष्ट गरे बमोजिमको खरिद प्रकृया अपनाइने छ ।

(घ) सेक्स्ड सिमेन (Sexed Semen) को Technical Specification मूलतः अनुसूची १ बमोजिम हुनेछ । तर प्राबिधिक समितिले स्पेशिफिकेसनमा आवस्यक्ता अनुसार परिमार्जन गर्न सक्नेछ ।

(ङ) खरिद गरिएको सेक्स्ड सिमेन (Sexed Semen) प्राविधिक स्पेशिफिकेशन अनुसार भएन भएको निर्क्योल गर्नका लागि पशुप्रजनन कार्यालय, पोखरा वा नेपाल कृषि अनुसन्धान परिषद अन्तर्गतको पशुप्रजनन महाशाखा, खुमलटारको प्रयोगशालामा जाँच गरिनेछ।

(च) प्रयोगशाला परिक्षण प्रतिवेदनमा आयात गरीएको सिमेन प्राविधिक स्पेशिफिकेशन अनुसार भएको ठहर भएमा मात्र सम्बन्धीत आपूर्तिकर्तालाई नियमानुसार भुक्तानी दिइनेछ।

**७. सेक्स्ड सिमेन (Sexed Semen) भण्डारण र वितरण**

यस कार्यक्रम अन्तर्गत खरिद र आयात गरिएको सिमेनको भण्डारण र वितरण देहाय बमोजिम हुनेछ ।

(क) भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले खरिद र आयातगरेको सेक्स्ड सिमेन (Sexed Semen)कोसुरक्षित भण्डारण र वितरणका लागि पशु प्रजनन् कार्यालय पोखरा वा लहान संग लिखित समझदारी (MOU)गर्नेछ ।

(ख) सिमेन भण्डारणको लागि आवश्यक कन्टेनर र तरल नाईट्रोजनको व्यवस्था पशु प्रजनन् कार्यालय पोखरा वा लहानले गर्नेछन् । तर आवस्यक परेमा तरल नाईट्रोजन र कन्टेनरको व्यवस्था भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय स्वयंले समेत गर्न सक्नेछ।

(ग) सेक्स्ड सिमेन (Sexed Semen)को वितरण सामान्यतया पशुप्रजनन् कार्यालय पोखरा वा लहानको नियमित वितरण तालिका बमोजिम हुनेछ । तर यस कार्यक्रम अन्तर्गत आयातित सिमेन प्रदेश नं. १ बाहेकका जिल्लामा बितरण गर्न पाइने छैन ।

**८. सेक्स्ड सिमेन (Sexed Semen)को प्रयोग**

यस कार्यक्रम अन्तर्गत सेक्स्ड सिमेनको प्रयोग देहाय बमोजिम गरिनेछ ।

(क) सेक्स्ड सिमेनको प्रयोग कर्त्रिम गर्भाधान सेवा सन्चालन गर्ने भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु मार्फत प्रदेश नं. १ का व्यवसायिक गाईपालन गर्ने दुग्ध उत्पादक फार्महरुमा गरिनेछ ।

(ख) सिमेन प्रयोगको लागि जिल्ला स्तरमा निम्न अनुसारको एक उपसिमिति गठन गरिने छ ।

| | |
|---|---|
| (१) प्रमुख, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | संयोजक |
| (२) प्रतिनिधी, दुग्ध उत्पादक सहकारी संघ/संस्था | सदस्य |
| (३) प्रतिनिधी, निजी कृत्रिम गर्भाधान प्राबिधिक | सदस्य |
| (४) संयोजकले तोकेको कृ.ग. फाँट हेर्ने प्राबिधि | सदस्य-सचिव |

*नोटः उपसमितिको बैठक आवस्यक्ता अनुसार बस्नेछ र त्यस्तो बैठकमा १ जना सम्म सम्बन्धित सरोकारवालालाई आमन्त्रण गर्न सकिनेछ।*

(ग) भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले जिल्ला स्तरमा सेक्स्ड सिमेनको माग संकलन गर्नेछ ।

(घ) व्यवसायिक गाईपालकहरुले *अनुसूची–२* बमोजिमको निवेदन, *अनुसूची–३* मुताविकको प्रतिबद्धता पत्र र अन्य आवस्यक कागजात सहित सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रमा सेक्स्ड सिमेनको माग पेश गर्नेछन् ।

(ङ) उपसिमिति बैठकबाट संकलित माग र सेक्स्ड सिमेन प्रयोग गरिने फार्मको निर्क्योल गरि आवस्यक सेक्स्ड सिमेनको लागि पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयमा पत्राचार गर्नेछ ।

(च) पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरुबाट प्रस मागलाई कम्पाएल गरि प्राबिधिक समिति समक्ष पेश गर्नेछ ।

(छ) प्राबिधिक समितिले सेक्स्ड सिमेनको जिल्लागत बाँडफाँट तयार गरि पशु प्रजनन् कार्यालय, पोखरा वा लहानलाई आवस्यक पत्राचार र वितरणको प्रबन्ध मिलाउनेछ ।

(ज) सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले अनुसूची–४ मुताविकको मापदण्डका आधारमा सेक्स्ड सिमेनको प्रयोग गर्नेछ ।

**९. कार्यक्रम सम्बन्धी जिम्मेवारी र दायित्व**

(क) सेक्स्ड सिमेन (Sexed Semen) खरिद र वितरणको प्रबन्ध मिलाउने कार्य प्राबिधिक समितिको सिफारिसमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको हुनेछ ।

(ख) समझदारी (MOU) मुताविक सेक्स्ड सिमेन (Sexed Semen)को सुरक्षित भण्डारण र वितरणको जिम्मेवारी र दायित्व पशु प्रजनन् कार्यालय, पोखरा वा लहानको हुनेछ ।

(ग) कार्यक्रमको कार्यान्वयनका लागि उपयुक्त फार्मको छनौट, सेक्स्ड सिमेन (Sexed Semen)को माग र प्रयोग जिल्ला स्तरिय उपसमितिको समन्वयमा सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले गर्नेछ ।

(घ) सेक्स्ड सिमेन (Sexed Semen) प्रयोग गरेको अनुसूची–५ मुताविकको अभिलेख भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले अध्यावधिक गरि राख्नु पर्नेछ र आवधिक रुपमा पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयमा प्रगति पठाउनु पर्नेछ।

**१०. अनुगमन र मूल्याङ्कन**

(क) भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयबाट सेक्स्ड सिमेन (Sexed Semen) भण्डारण र वितरणको अनुगमन/मूल्याङ्कन गर्न सकिनेछ ।

(ख) कार्य प्रगतिको अवस्था तथा कार्यविधि मुताविक भए/नभएको सम्बन्धमा मन्त्रालय, निर्देशनालय र सम्बन्धित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले नियमित अनुगमन गर्नेछ ।

**११. आर्थिक प्रशासन सेवा**

कार्यक्रमको लेखा, लेखाङ्कन र लेखा परिक्षण आर्थिक कार्यविधि ऐन, २०५५, आर्थिक कार्यविधी नियमावली, २०६४, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रदेश एवं संघिय सरकारका प्रचलित ऐन, नियम र कानून बमोजिम हुनेछ।

**१२. कार्वाहीको व्यवस्था**

बिनियोजित बजेट रकमको सदुपयोग नभएको पाइएमा नेपाल सरकार तथा प्रदेश सरकारको प्रचलित ऐन नियम तथा कानून बमोजिम कार्वाही हुनेछ।

सचिव

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं.-१
विराटनगर, नेपाल

**१३. प्रचलित कानून लागु हुने**

कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यविधिमा उल्लेख भएकाको हकमा यसै बमोजिम तथा कार्यविधिमा उल्लेख नभएका कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

**१४. बिमाः** सम्भाव्यताको आधारमा योजनाको बिमा गराउनु पर्नेछ ।

**१५. बाधा अड्काउ फुकाउने** (खारेजी एवं संशोधन)

(क) कार्यविधि सन्चालनका सन्दर्भमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलेआवश्यक निर्णय गर्न सक्नेछ ।

(ख) कार्यविधिसन्चालनमा बाधा अड्चन आइपरेमा वा विवाद उत्पन्न भएमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको निर्णय अन्तिम हुनेछ ।

(ग) कार्यविधिलाई आवश्यकता अनुसार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले खारेजी वा संशोधन गर्न सक्नेछ ।

सचिव

अनुसूची–१

## Technical Specification for Frozen Sexed Semen

| Particular | Requirements |
|---|---|
| Breed | |
| Semen needed | |
| Country of origin | |
| Source of semen and sire line relationship | |
| Average days of lactation | |
| Pedigree Information | |
| Sire's date of birth | |
| Sire's number | |
| Sire's dam number and her lactation yield | |
| Sire's dams' number | |
| Sire's dam's number and lactation yield | |
| Sire's number | |
| Sire's dam number and her lactation yield | |
| Semen volume /straw | |
| Post thawing motility | |
| Total sperm count/straw | |
| Abnormal Spermatozoa | |
| Motility and live dead ratio | |
| Conception rate | |
| Accuracy | |
| Quantity | |
| Performance | |
| | |
| | |
| Disease status of herds | |
| | |
| | |
| Disease free certificate must be included | |

**Animal Health Protocol (pertinent to Nepal Animal Health and Livestock Services Act B. S. 2055 (1998)**

A certificate must be produced ensuring the semen is free from all infectious diseases potentially transmissible from frozen semen. Some of the most important diseases specified in Nepal Animal Health and Livestock Services Act B. S. 2055 (1998) that pertain to this consignment are:

Rinderpest, BSE, FMD (all serotypes), Infectious Bovine Rhinotracheatis, CBPP, Brucellosis, Compylobacteriosis, Tuberculosis, Trichomoniasis, Malignant catarrhal fever, Leptospirosis, Listeriosis, etc.

**Supporting documents:**

The Veterinary Quarantine Office at Tribhuvan International Airport (TIA), Kathmandu on arrival of the consignment will examine:

- An import permit for frozen semen issued from Department of Livestock Services (DLS), GoN detailing the purpose of the import, source of semen and quantity (number of doses) being imported. (*NB: MOLMAC will receive the import permit from the DLS for this purpose and make avail to the selected supplier.*)

**The supplier has to produce:**

- A certificate stating disease free status of the exporting country (for disease that are not prevalent in Nepal, for example, BSE, Rinderpest, SAT 1,2 and 3 strains of FMD, CBPP, Malignant catarrhal fever and others.

- Health records of each sire ensuring periodic tests yielding negative results for infectious diseases.

सचिव

अनुसूची –२

**आवेदन**

श्रीमान कार्यालय प्रमुख ज्यू,

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,

......................................

विषयः सेक्स्ड सिमेन प्रयोग गर्ने सम्बन्धमा।

उपरोक्त सम्बन्धमा मैले विगत ........ बर्ष देखि व्यवसायिक रुपले गाईपालन गर्दै आएको र हाल दैनिक ........ लिटर दूध बिक्री गरिरहेको व्यहोरा अनुरोध छ । यसर्थः प्रदेश सरकारबाट सन्चालित हुने सेक्स्ड सिमेन कार्यक्रममा सहभागि गराइ दिनुहुन अनुरोध गर्दछु ।

<u>निवेदकको</u>

दस्तखतः

मितिः

निवेदकको नामः

स्थायी ठेगानाः

गाईपालन फार्म दर्ता भएको मितिः

फार्ममा रहेका गाईहरुको संख्याः

| दुहुना | कोरेली | बाच्छि | बाच्छा | थारा | जम्मा |
|---|---|---|---|---|---|
| | | | | | |

संलग्न कागजातहरुको सूची:

१. नेपाली नागरिकताको प्रतिलिपी

२. फार्म दर्ता प्रमाण पत्रको प्रतिलिपि

३. जैविक सुरक्षा र असल पशुपालन अभ्यास अनुशरण गर्ने प्रतिबद्धता

सचिव

अनुसूची–३

## जैविक सुरक्षा र असल पशुपालन अभ्यास अनुशरण गर्ने प्रतिबद्धता

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र ...................बाट निःशुल्क प्रयोग गरिने सेक्स्ड सिमेनको लाभग्राही म ................... महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका/गाउँपालिका ......... नं. वडा .............गाउँ/टोल ठेगाना भएको ........................... फार्मको संचालक श्री ............................................. ले आफ्नो फार्ममा जैविक सुरक्षा र असल पशुपालन अभ्यास अनुशरण गर्ने प्रतिबद्धताजाहेर गर्दछु । अन्यथा गरेमा दोषि ठहरिने व्यहोरा मलाई अगवत छ ।

| बायाँ | दायाँ |
|---|---|
| | |

दस्तखत

नाम :

मिति :

संस्थाको छाप :

सचिव

अनुसूची–४

## सेक्स्ड सिमेन प्रयोगको मापदण्ड

१. जर्सी वा होलेष्टियन जातका बयस्क गाईहरु कम्तिमा १० वटा पालन गरिरहेको दुग्ध उत्पादक वा गाईको श्रोतकेन्द्र हुनुपर्ने ।

२. सेक्स्ड सिमेन प्रयोग गरिने पशुको बिमा गर्नुपर्ने ।

३. नियमितखोप र परजिबी नियन्त्रण आदिको रेकर्ड राख्नु पर्ने ।

४. फार्ममा बारबन्देजको व्यवस्था गरि अवान्छित पशुको निर्वाध प्रवेशमा रोक लगाउनु पर्ने ।

५. फार्म प्रवेश स्थलमा फुटवाथको व्यवस्था हुनु पर्नेछ ।

६. अवान्छित व्यक्तिको फार्म भित्र निर्वाध प्रवेशमा रोक लगाउनु पर्ने ।

७. फार्ममा उत्पादित फोहोर मैलाको उचित व्यवस्थापन गर्नु पर्ने ।

८. *अनुसूची–६* अनुसार सेक्स्ड सिमेन प्रयोग गरिने गाईको Body Condition Score मापन गर्दा कम्तिमा ३ स्कोर भएको हुनुपर्ने ।

९. *अनुसूची–७* बमोजिमको असल पशुपालन अभ्यास अनुशरण मापनमा अब्बल ठहरिनु पर्ने ।

१०. बारम्बार उल्टिरहने पशुमा सेक्स्ड सिमेन प्रयोग गर्न नहुने ।

सचिव

अनुसूची-५

## सेक्स्ड सिमेन प्रयोगको अभिलेख

जिल्लाः                                        कृत्रिम गर्भाधान गर्ने प्राविधिकको नामः

| सि.नं. | कृषकको नाम | ठेगाना | सम्पर्क नं. | गाईको जात | वेत | ट्याग नं. | सिमेन नं. | कृ.ग.गरेको मिति | गर्भ परिक्षण | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | मिति | नतिजा | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

सचिव

अनुसूची–६

# गाईको Body Condition Score मापनको मापदण्ड

**Body Condition Score- 3**

- Short ribs can be felt by applying slight pressure.
- Altogether, short ribs appear smooth and the overhanging shelf effect is not so noticeable.
- The backbone appears as a rounded ridge- firm pressure is necessary to feel individual bones.
- Hook and pin bones are rounded and smooth.
- Area between pin bones and around tail head appears smooth, without signs of fat deposit.

**Body Condition Score - 4**

- Individual short ribs are distinguishable only by firm palpation.
- Short ribs appear flat or rounded, with no overhanging shelf effect.
- Ridge formed by backbone in chine region is rounded and smooth.
- Loin and rump regions appear flat.
- Hooks are rounded and the span between them is flat.
- Area of tail head and pin bones is rounded, with evidence of fat deposit.

सचिव

अनुसूची–७

## असल पशुपालन अभ्यास अनुशरण अवस्था मापनको मापदण्ड

| क्र.स. | विवरण | विद्यमान अवस्था | | | |
|---|---|---|---|---|---|
| १ | गाईपालन गरिएको ठाउँको वातावरण | | राम्रो | | नराम्रो |
| २ | गाईपालन गरिएको गोठको सरसफाई | | राम्रो | | नराम्रो |
| ३ | मलमुत्र व्यवस्थापन | | राम्रो | | नराम्रो |
| ४ | पशुलाई खुवाउने पानी आपुर्तिको अवस्था | | प्रयाप्त | | अप्रयाप्त |
| ५ | पानीको स्च्छता (बाह्य निरिक्षण) | | सफा | | फोहर |
| ६ | दुधालु गाईको स्वास्थ्य अवस्था | | स्वस्थ | | अस्वस्थ |
| ७ | अस्वस्थ पशुलाई अलग्गै व्यवस्थापनको प्रबन्ध | | छ | | छैन |
| ८ | खोरेत विरुद्ध भ्याक्सिन गरिएको | | छ | | छैन |
| ९ | भ्यागुते र चरचरे विरुद्ध भ्याक्सिन गरिएको | | छ | | छैन |
| १० | थुनेलो रोकथामको उपाय अपनाइएको | | छ | | छैन |
| ११ | नियमित रुपमा ड्रेन्चिङ्ग | | गरिन्छ | | गरिंदैन |
| १२ | दुध दुहुने व्यक्तिको स्वास्थ्य अवस्था | | स्वस्थ | | अस्वस्थ |
| १३ | दुध दुहुने व्यक्तिको सरसफाई | | सफा | | फोहर |
| १४ | शौचालय प्रयोग पश्चात साबुन पानिले हात धुने | | गरेको | | नगरेको |
| १५ | दूध दुहुनु भन्दा पहिले गाई र कल्चौंडाको सरसफाईको अवस्था | | सफा | | फोहर |
| १६ | दूध दुहुने भाँडा | | स्टिल | | एल्मुनियम वा अन्य |
| १७ | दूध दुहुने भाँडाको सरसफाई | | सफा | | फोहर |
| १८ | दूध ढुवानी गर्ने भाँडाको सरसफाई | | सफा | | फोहर |
| १९ | एण्टिबायोटिक प्रयोग गरेका गाईको दूध बिक्री | | गरिन्छ | | गरिंदैन |
| २० | दूध दुहेर चिस्यान केन्द्र/ सङ्कलन केन्द्र पुऱ्याउने लाग्ने समय | | | | |

**प्रमाणित गर्ने अधिकृत**

नाम :

पद:

मिति :

कार्यालय :

दस्तखत :

सचिव